# न्यायिक समितिको
# आ व २०८०/०८१
# को बार्षिक कार्ययोजना

प्रस्तुतकर्ता : सुरेश पौडेल
न्यायिक समिति, कर्मचारी

# न्यायिक समिति गठन

- नेपालको संविधानको धारा २१७ बमोजिम स्थानीय तहमा उपाध्यक्षको संयोजकत्वमा गठन हुने न्यायिक समितिले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ बमोजिमका विवादहरूको निरूपण गर्न सक्ने अधिकार उक्त ऐनले प्रदान गरेको छ । नेपालको संविधान तथा प्रचलित कानून बमोजिम न्यायिक समितिको गठन स्थानीय तहका निर्वाचित जनप्रतिनिधिबाट हुने व्यवस्था रहेको छ । सोही बमोजिम यस पालिकामा मिति २०७९ असार १५ गतेको गाउँसभाबाट उपाध्यक्ष श्री शारदा कुमारी चौधरीको संयोजकत्वमा वडा नं. १ का वडा सदस्य श्री देविलाल थारू कुमाल र वडा नं. ७ का बडा सदस्य श्री रेखा कुमारी थापा समेत गरी ३ जनाको न्यायिक गठन गरियो सो समितिको कर्मचारीको रूपमा म सुरेश पौडेलले विगत देखि काम गर्दै आएकाले छु । उक्त समितिले गरेका कामहरूको प्रगति तपसिल बमोजिम रहेको जानकारी गराउन चाहन्छु।

# •न्यायिक समितिका असल अभ्यास हरु

•छिटो सरितो न्याय सम्पादनको लागि हप्तामा २ पटक सोमबार र विहिबार छलफल चलाउने गरिएको ।

•क्षेत्राधिकार भन्दा बाहिरका मुद्दाहरू माथि पनि छलफल गराई समाधानको बाटो खोज्ने गरेको ।

•दाङ देउखुरी जिल्ला अदालतबाट बार्षिक रूपमा अनुगमन हुने गरेको र दिइएका सुझाव अनुसार नै काम कारवाही अगाडी बढाउने गरिएको ।

•मेलमिलापको माध्यमबाट नै निवेदकहरूको बीच छलफल गराएर मेलमिलाप मार्फत अन्तिम टुंगो लगाई निर्णय गरिने

•गाउँठाउँमा स्थलगत रूपमा न्यायिक इजलासको कार्यक्रम संचालन गर्ने जसलाई घुम्ती इजलास नाम दिएका छौं ।

• मेलमिलाप कर्ताहरूलाई सँचीकृतको काम अगाडी बढाइएको ।

# कार्यान्वय गर्दा आइपर्ने चुनौतीहरू

- मेलमिलापकर्ता संग भन्दा गाउँपालिका न्यायिक समिति मार्फत आफ्नो मुद्दाको छलफल तथा निर्णय गराउन खोज्ने ।
- मुद्दा/निवेदन लिएर आउनासाथ न्याय खोज्ने तथा तत्काल न्याय प्राप्तीको लागि दवाव दिने ।
- विपक्षीलाई पत्राचार गर्ने गरेको तर पत्राचार पुऱ्याउनका लागि तामेलिदारको व्यवस्था नभएको ।
- विपक्षीले पत्र प्राप्त गरे पनि आउन नचाहने ताकेदा गर्दा समेत आउने नगरेको ।
- निर्णय भएका, मिलापत्र भएका विषयहरू पनि कार्यान्वयन गराउन नसकिरहेको ।

# समाधानका प्रयासहरू :

– मेलमिलाप कर्ताहरू छनौट भएको र उनीहरू मार्फत नै ४७ २ ख का निवेदनहरूलाई कार्यान्वयन गर्ने ।

– मेलमिलापकर्तालाई तालिम दिई सक्षम बनाई सक्रिय रूपमा मेलमिलाप गराउने ।

–छिटो छरितो न्याय सम्पादनका लागि ईलाका प्रहरी कार्यालयसंग सहकार्य गरी अगाडी बढेको

– निवेदकले निवेदन दर्ता प्रकृयामा रहदै न्याय माग्नुलाई पनि विभिन्न कानूनी सचेतना गरी पठाउने गरेको ।

– गाउँ घरमा गई स्थलगत रूपमा न्यायिक इजलासको कार्यक्रम संचालन गर्ने गरेको ।

# गत आर्थिक बर्षको मुद्दाहरूको विवरण ०७९/०८०

- जम्मा उजुरी आएको संख्या : पुरानो अ.ल्या. बाट २६ वटा
- यस आर्थिक बर्षमा आएका उजुरी संख्या : ९८ वटा
- जम्मा १२४ वटा
- मध्ये फर्च्योट भएको उजुरी संख्या जम्मा १०९ वटा
- यो आ.व.मा जिम्मेवारी सारिएको : १५ वटा

विवाह सम्वन्धी विवाद

दर्ता भएको जम्मा संख्या : ७ फर्च्योट भएको संख्या : ६ वटा १ बाँकी :

- जग्गा विवाद

दर्ता भएको संख्या : ४५ फर्च्योट भएको संख्या : ४१ वटा ४ बाँकी :

- लेनदेन सम्वन्धी विवाद

दर्ता भएको संख्या : ३२ फर्च्योट भएको संख्या : ३१ वटा १ बाँकी

# क्रमश

- अंश विवाद

दर्ता भएको संख्या : २८ फर्स्योट भएको संख्या : २० वटा ८ बाँकी :

- विविध

दर्ता भएको संख्या : १२ फर्स्योट भएको संख्या : ११ वटा १ बाँकी :

- जम्मा मुद्दा संख्या १२४ वटा १०९ वटा १५ वटा

- इलाका प्रहरी कार्यालयमा सिफारिस गरिएको मुद्दा संख्या ४ वटा
- जिल्ला प्रशासन कार्यालयमा पठाएको ३ वटा
- अन्य निकायमा सिफारिस संख्या ३२ वटा
- मिला पत्र भएको ४१ वटा
- आदेश तथा निर्णयबाट भएको (ढिसमिस र तामेलि) २९ वटा

# यस बर्ष निवेदन दर्ताको लागि आउने र फर्च्योट गर्ने कार्य योजना

- विवाह सम्वन्धी विवाद
- दर्ता भएको जम्मा संख्या : ५ फर्च्योट गर्नँपर्ने संख्या : ५ वटा
- जग्गा विवाद
- दर्ता भएको संख्या : ३५ फर्च्योट गर्नुंपन संख्या : ३५ वटा
- लेनदेन सम्वन्धी विवाद
- दर्ता भएको संख्या : २० फर्च्योट गर्नँपर्ने संख्या : २० वटा
- अंश विवाद
- दर्ता भएको संख्या : २० फर्च्योट गर्नँपर्ने संख्या : २० वटा
- विविध
- दर्ता भएको संख्या : १० फर्च्योट गर्नँपर्ने संख्या : १० वटा
- जम्मा मुद्दा संख्या : ९० वटा फर्च्योट गर्नॅपर्ने ९० वटा

# यस आर्थिक बर्षमा गरिने कार्ययोजना

| कार्यक्रमको नाम | बजेट | गरिने कृयाकलाप | कहिले गर्ने | कहाँ गर्ने |
|---|---|---|---|---|
| न्यायिक समितिको बैठक | २००००० | मासिक ३ वटा बैठकका भत्ता | महिनाको सोमबार र बिहीवार मासिक ८ वटा बैठक बस्ने | गाउँपालिकाको इजलासमा |
| न्यायिक इजलास कार्यक्रम वडा वडामा | २००००० | न्यायिक समितिका काम कारवाहीका बारेमा र न्यायिक समितिमा निवेदन पेश गर्दा देखि अन्त हँदासम्मको कृयाकलाप | असोज कार्तिक मंसिर महिना | गढवा गा.पा.का सबै बडाहरुमा |
| मेलमिलाप कर्ताहरुका लागि पुनतार्जगी तालिम | १५०००० | कानूनी सचेतना कार्यक्रम, मेलमिलापकर्ताहरुलाई कानूनका बारेमा सचेतना तथा मेलमिलापका बारेमा पुनतार्जकी बनाउने | भाद्र महिनामा गर्ने | गढवा गाउँपालिकामा |

# क्रमश:

| कार्यक्रमको नाम | बजेट | गरिने कृयाकलाप | कहिले गर्ने | कहाँ गर्ने |
| --- | --- | --- | --- | --- |
| मेलमिलापकर्ताहरुका लागि पारिश्रमिक र चिया खर्च | १००००० | आएका ४७ २ ख अन्तर्गतका निवेदनहरुलाई मिलापत्रको माध्यमबाट मिलापत्र बनाउने | निवेदन आएका समयमा न्यायिक समितिबाट पत्राचार भएमा गर्ने | सम्वन्धित मेलमिलाप केन्द्रमा |
| चिया खर्च | ५०००० | न्यायिक समितिको बैठक तथा अन्य कामकारवाहीका समयमा चिया खाजा खाने | सबै महिनामा | गढवा गाउँपालिकामा |

# कार्यक्रमका केही झलकहरु



## बोर्डर क्षेत्रमा गढवा न्यायिक समितिको इजलास



Ghorahi-15, Dang
(Shahid Umesh Marg)

## सामुदायिक मेलमिलापकर्ताका लागि गढवामा ४८ घण्टे आधारभूत तालिम




गढवा गाउँपालिका
न्यायिक समितिको
न्यायिक इजलास कार्यक्रममा
२०८० असार ७ गते
स्थान : गढवा गा.पा.-२, सालभौरीनाका
आयोजक
गढवा गाउँपालिका न्यायिक समिति




सामुदायिक मेलमिलापकर्ताहरूका लागि
४८ घण्टे आधारभूत तालिम-२०७९


७९/१२/२० पद कि